विसं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक








## स्वास्थ्य शिविर

तनहुँको शुक्लागण्डकी नगरपालिकास्थित जिपि कोईराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रले स्याङ्जाको हरिनास गाउँपालिकाको ब्यवस्थापनमा हरिनास गाउँपलिका-३ स्थित मग्याम चिसापानी स्वास्थ्य केन्द्रमा शनिबार सञ्चालन गरेको महिलाहरूको प्रजनन् स्वास्थ्य सम्बन्धी बृहत् निःशुल्क स्वास्थ्य शिबिरमा स्वास्थ्य सेवा लिन आएका स्थानीय महिलाहरू । उक्त शिबिरमा १०२ जनाको स्वास्थ्य परीक्षण तथा आवश्यक औषधी निःशुल्क बितरण गरिएको थियो भने, थप उपचार गर्नुपर्ने विरामीलाई रिफर गरिएको थियो ।

*तस्विर : भञ्ज्याङ*

# भानुमा एसईई दिने विद्यार्थीलाई लक्षित गरी उत्प्रेरणात्मक वृत्ति परामर्श कार्यक्रम

भञ्ज्याङ समाचारदाता/भानु

तनहुँको भानु नगरपालिकाको समन्वय तथा सहजीकरणमा शैक्षिक सत्र २०८२ का लागि माध्यमिक शिक्षा परीक्षा (एसईई) दिने विद्यार्थीलाई लक्षित गरी आयोजित उत्प्रेरणात्मक वृत्ति परामर्श कार्यक्रम सञ्चालन गरिएको छ । शुक्रबार वडा नं. ७ स्थित श्री चन्द्रावती माध्यमिक विद्यालय, चुँदीको सभाहलमा कक्षा १० मा अध्ययनरत विद्यार्थी तथा उनीहरूका अभिभावकलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिएको थियो ।

भानुको पश्चिम क्षेत्रका सात वटा विद्यालयका विद्यार्थी र अभिभावकहरूको उल्लेख्य उपस्थितिमा आयोजित उक्त कार्यक्रममा सकारात्मक सोचको विकास, अध्ययनप्रति अभिरूचि अभिवृद्धि, भविष्यप्रतिको आशावादिता र आत्मविश्वास जागृत गराउने विषयमा विशेष जोड दिइएको थियो ।



कार्यक्रम भानु नगरपालिका, भानु-९ स्थित ग्रीन हिमालय फार्म स्टे, परोपकारी सामाजिक संस्था घुन्सा फाउण्डेशन तथा नेपाल ट्रष्टको सहकार्यमा सम्पन्न भएको हो । कार्यक्रमका मुख्य सहजकर्ता नेपाल ट्रष्टका बोर्ड सदस्य, सामाजिक अभियन्ता योङ्जोम शेर्पा तथा उनको टिमले विद्यार्थी र अभिभावकलाई जीवन उपयोगी परामर्श प्रदान गरेका थिए ।

**शैक्षिक गुणस्तर अभिवृद्धि लक्ष्य**

परामर्श कार्यक्रमको उद्देश्य विद्यार्थीहरूमा असल आचरण, बानी व्यहोरा र संस्कारको विकास गराउने, अभिभावक, अग्रज र गुरूजनप्रति श्रद्धाभाव अभिवृद्धि गर्ने, समयको महत्वबोध गराउने तथा एसईई परीक्षालाई उपलब्धिमूलक बनाउँदै समग्र शैक्षिक गुणस्तर उकास्नु रहेको नगर शिक्षा अधिकारी ध्रुवराज पौडेलले बताए।

कार्यक्रममा आधुनिक सूचना प्रविधिको सदुपयोग गर्दै घुन्सा फाउण्डेशनको माध्यमबाट एम्बेशन गुचु नामक एप प्रयोग गरी निःशुल्क अनलाइन कक्षा सञ्चालन गरिएको जानकारी गराइएको थियो। अनलाइन अध्ययन, समय व्यवस्थापन, बालबालिकाप्रति अभिभावकको दायित्व तथा अनुशासित जीवनशैलीका विषयमा समेत परामर्श दिइएको सहभागीहरूले बताएका छन् ।

**प्रेरणादायी जीवन कथाले छोयो मन**

कार्यक्रममा मुख्य सहजकर्ता योङ्जोम शेर्पाले आफ्नो संघर्षपूर्ण जीवन यात्रा सुनाउँदै सकारात्मक सोच, निरन्तर मिहिनेत र आत्मविश्वासले जीवनमा सफलता हासिल गर्न सकिने सन्देश दिएका थिए । सुदूरपूर्वको विकट पहाडी क्षेत्रमा जन्मिएर कठिन परिस्थितिमा हुर्किएकी एक अनाथ बालिकाबाट सामाजिक रूपान्तरणको अभियन्ता बन्ने यात्राले विद्यार्थी र अभिभावक दुवैलाई भावुक बनाएको थियो ।

सहभागी विद्यार्थीहरुले कार्यक्रमले आफूहरूलाई भविष्यप्रति आशावादी बनाएको र निरन्तर प्रयासका साथ अघि बढ्न प्रेरणा मिलेको प्रतिक्रिया दिएका छन् ।

कार्यक्रमको सफल व्यवस्थापनका लागि होस्ट विद्यालय श्री चन्द्रावती मावि चुँदीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चोकबहादुर खत्री, प्रधानाध्यापक प्रेमनाथ ढकाल तथा सम्पूर्ण विद्यालय परिवारप्रति आयोजकले धन्यवाद व्यक्त गरेका छन् ।

दोश्रो दिन शनिबार वडा नं. १० को चोक माध्यमिक विद्यालय रामपुरटारमा र वडा नं. २ को नारेश्वरटारस्थित होरालो शाश्विस माध्यमिक विद्यालयमा विद्यार्थी र निजका अभिभावकहरूका लागि उत्प्रेरणात्मक वृत्ति परामर्श कार्यक्रम सञ्चालन गरिएको नगर शिक्षा अधिकारी पौडेलले बताए ।

# तनहुँका २ वटै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना

भञ्ज्याङ समाचारदाता/दमौली

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तनहुँमा मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ। साविक सामाजिक विकास कार्यालय तनहुँको भवनमा शुक्रबार मुख्य निर्वाचन अधिकृत एवं तनहुँ क्षेत्र नं १ को कार्यालय र शुक्लागण्डकी नगरपालिकाको कार्यालयमा क्षेत्र नं २ को निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो ।




मुख्य निर्वाचन अधिकृतको कार्यालयको मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद उपाध्यायल उद्घाटन गरेका थिए । सो अवसरमा उनले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन गराउने प्रतिबद्धता व्यक्त गरे । लोकतन्त्रको उत्तम विकल्प निर्वाचन रहेको बताउँदै उनले ढुक्कसँग निर्वाचनमा सहभागी हुने वातावरण सिर्जना गरिने उल्लेख गरे ।

प्रमुख जिल्ला अधिकारी शिव तिवारीले निर्वाचनमा सुरक्षा प्रबन्ध मजबुद बनाइने बताउँदै निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्नु सबैको दायित्व भएको उल्लेख गरे । जिल्ला निर्वाचन कार्यालयका प्रमुख विकास लम्सालले निर्वाचनको आन्तरिक तयारी तीव्र गतिमा अगाडी बढेको बताए । मतदान सामग्री, जनशक्ति व्यवस्थापन लगायत तयारी भइरहेको जनाउँदै उनले निर्वाचन सफल बनाउन सबैको सहयोगको अपेक्षा गरे ।

प्रमुख जिल्ला अधिकारी तिवारी, शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डित, प्रहरी उपरिक्षक टेकबहादुर कार्कीको उपस्थितिमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो । दुई वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको तनहुँमा दुई लाख ५४ हजार ३९७ मतदाता कायम भएका छन् ।

# सुशासन, दल र लोकतन्त्र

सुशासन कुनै प्रशासनिक प्रविधि मात्र होइन, यो राजनीतिक नैतिकताको प्रतिफल हो । सुशासन त्यहाँ जन्मिन्छ, जहाँ शक्ति उत्तरदायित्वसँग बाँधिन्छ, जहाँ नीति स्वार्थमाथि विजय हुन्छ, र जहाँ राज्य जनताको सेवक बन्छ– शासक होइन । यस्तो सुशासन निर्माणमा राजनीतिक दलहरूको भूमिका केन्द्रीय हुन्छ, किनकि लोकतन्त्रमा राज्य सञ्चालनको वैचारिक, नीतिगत र नैतिक नेतृत्व राजनीतिक दलहरूले नै गर्छन् । तर आजको नेपाली सन्दर्भमा प्रश्न उठ्छ– राजनीतिक दलहरु सुशासनका वाहक हुन् कि अवरोध ?

सुशासनको कुरा नेपालमा त्यति बेला उठ्छ, जब शासन सबैभन्दा कुशासनमा डुबेको हुन्छ । राजनीतिक दलहरु सुशासनलाई भाषणको गहना बनाउँछन्, तर व्यवहारमा त्यसलाई बोझ ठान्छन् । यो कुनै संयोग होइन; यो नेपाली राजनीतिक दलहरूको संरचनागत असफलता हो ।

प्रश्न सरल छ– सुशासनको समस्या राज्यको हो कि राजनीतिक दलहरूको ?

लोकतन्त्रमा सरकार बदलिन्छ, तर शासनको शैली नबदलिनु आफैंमा राजनीतिक दलहरूको सामूहिक अपराध हो । अन्ततः सुशासन राजनीतिक इच्छाशक्तिको परिणाम हो । राजनीतिक दलहरु बदलिन चाहेनन् भने कुनै कानुन, कुनै आयोग, कुनै प्रविधिले सुशासन ल्याउन सक्दैन । लोकतन्त्रको गुणस्तर दलहरूको चरित्रमा निर्भर हुन्छ ।

आजको चुनौती स्पष्ट छ– राजनीतिक दलहरूले आफूलाई पुनःपरिभाषित गर्नुपर्छ। सत्ता जित्ने मेसिनबाट बाहिर निस्केर सार्वजनिक विवेकका संरक्षक बन्नुपर्छ । सुशासन कुनै उपहार होइन; यो राजनीतिक अनुशासन, नैतिक साहस र वैचारिक स्पष्टताको उपज हो । यदि राजनीतिक दलहरु सुध्रिएनन् भने राज्य सुध्रिँदैन । र, यदि राज्य सुध्रिएन भने लोकतन्त्र केवल चुनावी रितमा सीमित हुन्छ ।

सुशासनका चार आधारस्तम्भ मानिन्छन्– उत्तरदायित्व, पारदर्शिता, विधिको शासन र सहभागिता । यी चारै स्तम्भ राजनीतिक दलको व्यवहारसँग प्रत्यक्ष जोडिएका छन्। दलहरु लोकतन्त्रका मध्यस्थ संस्था हुन् । जनता र राज्यबीचका पुल । यदि पुल नै कमजोर भयो भने शासनको सम्पूर्ण संरचना अस्थिर हुन्छ।

राजनीतिक दलहरु केवल चुनाव जित्ने यन्त्र होइनन्। ती नीति निर्माणका प्रयोगशाला, नेतृत्व उत्पादनका विद्यालय र लोकतान्त्रिक संस्कृतिका संरक्षक हुन्। जब दलहरु वैचारिक रूपमा दरिद्र, संगठनात्मक रूपमा अपारदर्शी र नैतिक रूपमा लाचार हुन्छन्, तब सुशासन सम्भव हुँदैन, चाहे संविधान जतिसुकै प्रगतिशील किन नहोस् ।

नेपाली राजनीतिक दलहरूको सबैभन्दा ठुलो समस्या सत्ता–केन्द्रित सोच हो । नीति होइन पद, सिद्धान्त होइन शक्ति, उत्तरदायित्व होइन पहुँच। यिनै प्राथमिकता बनेका छन् । यस्तो राजनीतिक संस्कृतिमा सुशासन 'घोषणापत्र' मा मात्र सीमित हुन्छ, व्यवहारमा होइन ।

सत्ता प्राप्तिपछि दलहरु राज्य र पार्टीबिचको सीमारेखा मेट्छन् । राज्य स्रोत पार्टीका कार्यकर्ता पाल्न प्रयोग हुन्छ। नियुक्ति योग्यतामा आधारित होइन, निष्ठामा आधारित बन्न पुग्छ र नीति जनहितमा होइन, गठबन्धनको सन्तुलन मिलाउनका लागि बन्न पुग्छ । यसरी राजनीतिक दल स्वयं सुशासनको पहिलो शत्रु बन्न पुग्छन् ।

राजनीतिक दलहरु आफूलाई लोकतन्त्रका रक्षक भन्छन्, तर व्यवहारमा उनीहरु राज्य कब्जाका संयन्त्र बनेका छन् । निर्वाचन जितेपछि राज्य 'जनताको' होइन, 'दलको' सम्पत्ति हो भन्ने जस्तो व्यवहार गर्छन् । नियुक्तिदेखि बजेटसम्म, नीतिदेखि कानुनसम्म सबै कुरा भागबन्डाको सूत्रमा चल्छ ।

दलहरु राज्य चलाउँदैनन्, राज्य बाँडफाँट गर्छन् । र, जहाँ राज्य बाँडिन्छ, त्यहाँ सुशासन होइन, सञ्जालमार्फत शासन सञ्चालन गर्ने विधि जन्मिन्छ । सुशासन किन दलहरूलाई असहज लाग्छ त ? किनकि सुशासनले अनुशासन माग्छ। किनकि सुशासनले उत्तरदायित्व खोज्छ। किनकि सुशासनले 'हाम्रो मान्छे' को सुरक्षा तोड्छ । राजनीतिक दलहरूलाई भ्रष्टाचार भन्दा डर लाग्दैन; उनीहरूलाई डर लाग्छ– भ्रष्टाचारमाथि कारबाही हुने दिनबाट ।

त्यसैले कानुन कडा बनाइन्छ तर लागू हुँदैन । आयोग बनाइन्छ तर निष्क्रिय हुन्छन् । भाषण तीखो हुन्छ तर इच्छाशक्ति हराउँदै जान्छ । सबैभन्दा ठुलो विडम्बना के हो भने, जो दलहरु भित्रको आन्तरिक लोकतन्त्रको अभ्यासमा अनुदार छन्, उनीहरु नै देशमा सुशासन ल्याउने दाबी गर्छन् । अधिवेशन ढिला, नेतृत्व स्थायी, आलोचक शत्रु । यही दलहरूको वास्तविक चरित्र हो ।

दलभित्र प्रश्न गर्न नपाइने संस्कृतिले सरकारभित्र भ्रष्टाचारलाई वैध बनाउँछ । जहाँ नेतृत्व अकाट्य हुन्छ, त्यहाँ कुशासन अपरिहार्य हुन्छ । सुशासनको पहिलो परीक्षा राजनीतिक दलभित्रै हुन्छ । जसरी घरभित्र अनुशासन नमान्ने अभिभावकले समाजलाई नैतिकताको पाठ पढाउन सक्दैन, ठिक त्यसरी नै दलभित्र नियमित अधिवेशन, पारदर्शी आर्थिक प्रणाली, नेतृत्व चयनमा प्रतिस्पर्धा र असहमतिको सम्मान गर्ने अभ्यास नगरी उनीहरु सुशासनको भाषण गर्न नैतिक रूपमा अयोग्य ठहरिन्छन्।

नेपाली दलहरूमा नेतृत्व दीर्घकालदेखि कब्जामा छ । विचारभन्दा अनुहार बलियो छ, संस्थाभन्दा व्यक्ति । यस्तो व्यक्तिवादी राजनीति सुशासनको ठाडो विरोधी हो । जब दलभित्र प्रश्न गर्न डर लाग्छ, तब सरकारभित्र भ्रष्टाचार स्वाभाविक बन्छ ।

प्रतिपक्ष त सरकारलाई निगरानी गर्ने हो, तर नेपालमा प्रतिपक्ष सरकारसँग मोलतोल गर्ने शक्ति बनेको छ । सरकारको गल्ती उजागर गर्ने होइन, सरकारमा जाने अवसर खोज्ने परम्पराले सुशासनलाई मजाक बनाएको छ । हिजो संसद् बहसको थलो देखिएन, सम्झौताको गल्ली बन्न पुगेको थियो । नीतिमा बहस होइन, सत्तामा अंकगणित हाबी भयो । यस्तो संसदीय संस्कृतिमा सुशासन केवल कागजी अवधारणा बन्न पुग्छ । त्यसैले हामी त्यसबाट जोगिएर अघि बढ्नुपर्ने हुन्छ ।

संघीयता सुशासनको अवसर थियो, तर दलहरूले त्यसलाई नयाँ तहको भागबन्डामा रूपान्तरण गरे । स्थानीय तह जनताको नजिकको सरकार बन्नुपर्ने थियो, तर धेरै ठाउँमा दलका गुटहरूको अखडा बन्यो । स्थानीय सरकार कमजोर छैन; दलहरूले कमजोर बनाएका हुन् । किनकि बलियो स्थानीय सुशासनले केन्द्रको नियन्त्रण कमजोर बनाउँछ र त्यो दलका नेताहरूलाई असहज लाग्छ ।

संघीय संरचनामा राजनीतिक दलहरूको भूमिका झनै जटिल र जिम्मेवार हुन्छ । स्थानीय तहमा दलहरु विकासका साझेदार बन्नुपर्ने हो, तर धेरै ठाउँमा ती ठेक्का, भागबन्डा र गुटबन्दीका केन्द्र बनेका छन्। स्थानीय सुशासन दलहरूको व्यवहारमा निर्भर छ । यदि स्थानीय नेतृत्व प्रशिक्षित छैन, नीतिगत रूपमा कमजोर छ र केवल पार्टी आदेशमा चल्छ भने संघीयताको आत्मा नै मर्छ । त्यसैले दलहरूले स्थानीय नेतृत्व विकासलाई प्राथमिकतामा राख्नैपर्छ।

नेपाली राजनीतिमा भ्रष्टाचार कुनै दुर्घटना होइन; यो दल र राज्यको संरचनामा गढिएको प्रणाली हो । ठुला भ्रष्टाचार काण्डहरु किन निष्कर्षमा पुग्दैनन्? किनकि आरोपी व्यक्ति होइन, राजनीतिक संरचनाको हिस्सा हो । जब दलहरूले 'हाम्रो मान्छे' लाई जोगाउँछन्, तब कानुन अपराधी विरूद्ध होइन, नागरिकका विरूद्ध प्रयोग हुन्छ । यहीँबाट राज्यप्रति विश्वास भत्किन्छ ।

सुशासन सुधार होइन, राजनीतिक पुनर्निर्माण हो । सुशासन कुनै प्राविधिक सुधारको परियोजना होइन। यो राजनीतिक पुनर्निर्माणको सवाल हो । दलहरूले आफूलाई नबदल्दासम्म राज्य बदलिँदैन। सत्ता हस्तान्तरण हुन्छ, तर शासनको डीएनए उस्तै रहन जान्छ । समस्या अनुहारको होइन, चरित्रको हो । समस्या सरकारको होइन, दलहरूको हो ।

आज सुशासनको सबैभन्दा ठुलो बाधा कमजोर कानुन होइन; कमजोर राजनीतिक नैतिकता हो । राजनीतिक दलहरु सुध्रिएनन् भने, सुशासनको बहस बौद्धिक विलासमै सीमित हुने निश्चित छ । दलहरूलाई प्रश्न नगरी सुशासन सम्भव छैन । र, दलहरु नबदली लोकतन्त्रको भविष्य सुरक्षित छैन । रातोपाटीबाट




# 'कोदो गरिबको खाना' भनेर हेप्ने दिन गए : बिस्कुटको माग उच्च, पाउरोटी बनाउने तयारी

गण्डकी/म्याग्दी

यहाँ उत्पादन हुने कोदोको परिकारको विविधिकरण र बजारीकरण हुन थालेको छ । कोदो पछिल्लो समय सहरबजार र विदेशमा बस्नेहरूका रोजाइमा परेको छ। कोदोको परिकार ढिडो, रोटी र खोलेमा मात्र सीमित नभएर अब बिस्कुट पनि बन्न थालेको छ। माग, उपभोग र खपत बढ्न थालेपछि कोदोखेती गर्ने किसान उत्साहित भएका छन् ।

अन्नपूर्ण गाउँपालिका–६ पोखरेबगरको अन्नपूर्ण बेकरी हाउसका सञ्चालक कृष्ण खड्काले उपभोक्ताबाट माग आउन थालेपछि कोदोको बिस्कुट उत्पादन गर्न थाल्नुभएको छ । "पहिलेपहिले कोदोखेती गर्ने र यसका परिकार उपभोग गर्नेलाई गरिब भनेर हेप्ने चलन थियो", उहाँले भन्नुभयो, "स्वस्थकर र पोषिलो कोदोको महत्व बुझेपछि माग आउन थालेपछि मैले पनि बिस्कुट बनाएर बेच्न थालेको छु ।"




यसअघि धवलागिरि गाउँपालिका–७ ताकममा धवलागिरि बेकरी, क्याफे एण्ड एग्रो मार्टका सञ्चालक अनिल भण्डारीले कोदाको पीठो प्रशोधन गरी बिस्कुट उत्पादन गरेर बिक्री गर्दै आउनुभएको छ ।

रघुगङ्गा र मङ्गला गाउँपालिकाको सिमानामा रहेको टोड्के हिल रिसोर्टले पनि पाहुनालाई चखाउन र बजारमा बिक्री गर्न कोदोको बिस्कुट उत्पादन गर्ने उद्योग स्थापना गरेको छ। उद्यमी खड्काले गाउँबाट काम विशेषले बजारमा बसाइँसराइ गरेका, विदेशमा रहेका र भ्रमणमा आउने पाहुनाले कोदोको पीठो र बिस्कुट किनेर लैजाने गरेको बताउनुभयो।

कोदोको बिस्कुटको माग ग्रामीण क्षेत्रको तुलनामा बजारबाट बढी आउने गरेको व्यवसायी खड्काले बताउनुभयो । भुटेको कोदोको पीठोमा चिनी, मह, उखुको खुदो मिसाएर बिस्कुट बनाउने गरिएको छ । प्रतिदर्जन (१२ वटा) कोदोको बिस्कुट रू ६० का दरले बिक्री हुने गरेको छ ।

पर्यटकीय जिल्ला मुस्ताङ र अन्नपूर्ण

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरु बढ्नेछन्।

**वृष**
आँटले काम बन्नुका साथै मनग्य धन आर्जन हुनेछ। विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ।

**मिथुन**
रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ।

**कर्कट**
समस्याप्रति गम्भीर नबन्दा अवसर गुम्न सक्छ। आफ्नै कमजोरीले इष्टमित्र टाढिन सक्छन्।

**सिंह**
रोकिएका काम पुनः प्रारम्भ गर्न सकिनेछ। द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ।

**कन्या**
आम्दानी बढ्नेछ भने परिवारजनका आवश्यकता पूरा हुनेछन्। गरेको कामले राम्रै लाभ दिलाउनेछ।

**तुला**
दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ। गरिएका कामको राम्रै मूल्यांकन हुनेछ।

**वृश्चिक**
विभिन्न अवसर प्राप्त हुनुका साथै कीर्तिमानी काम गर्ने समय छ। व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ।

**धनु**
शुभचिन्तकहरूको सहयोग जुट्न सक्छ। अरूलाई प्रभावित पारेर काम बनाउने समय छ।

**मकर**
आँटेका काममा साथ दिनेहरु प्रशस्तै भेटिनेछन्। परिवारजनको साथले थप उत्साह जगाउनेछ।

**कुम्भ**
काममा लगानी गर्न केही समय प्रतीक्षा गर्नुहोला। पढाइलेखाइमा पनि समय दिन नसकिएला।

**मीन**
गोपनीयता बाहिरिनाले समस्या पर्नेछ। सामान्य काममा धन र श्रम खर्चनुपर्ला।

# म्याग्दीका ध्रुवले फलाए १२० मुरी धान

**रासस/म्याग्दी**

यहाँका एक जना किसानले १२० मुरी धान फलाउनुभएको छ । मङ्गला गाउँपालिका-२ सिमका किसान ध्रुव खत्रीले यस वर्ष उक्त परिणामको धान उत्पादन गर्नुभएको हो । खत्री सम्भवतः जिल्लामा सबैभन्दा धेरै धान फलाउने किसान भएको दाबी गरिएको छ । खत्रीको दुईतले घरमा राखिएका भकारी धानले भरिएका छन् । "एक सय रोपनी खेतमा एक सय ५० मुरी धान फलाउने लक्ष्य थियो", उहाँले भन्नुभयो, "गत वर्षको तुलनामा २० मुरी बढी धान उत्पादन भए पनि मौसमले साथ नदिँदा लक्ष्यभन्दा कम भयो ।" सिमकाजी ब्रर्दश भेन्चर प्रालिमार्फत रैथाने गौरीया, जेठोबुढो धान, मकै र गहुँखेतीका साथै खत्रीले भैँसीपालन गर्नुभएको छ ।

म्याग्दी नदीको किनारमा सिँचाइको सुविधा भएको उर्वरायुक्त सिम, सिमलचौर, बाबियाचौर, पोक, सातबिसे, सेरा, पिपलबोट, रणवाङ्ग र छिस्वाङको फाँट जिल्लाकै राम्रो खाद्यबाली हुने जमिन मानिन्छ । खत्रीका पुर्खाहरूले तीन सय वर्षअघि पोखराबाट आएर सिममा जग्गा किनेका थिए । "घरमा आवश्यक पर्ने २५ मुरी राखेर ९५ मुरी बिक्री गर्छु", खत्रीले भन्नुभयो, "धान प्रतिपाथी रू चार सय र चामल प्रतिपाथी रू एक हजारका दरले बिक्री हुन्छ ।" बिक्री नहुने धानलाई चामल बनाउन घरमै विद्युत्बाट चल्ने मिल राख्नुभएको छ।

पकाउँदा घरबाहिरै छुट्टै किसिमको मगमग बास्ना आउने र खाँदा स्वादिलो हुने गौरीया जातको धान म्याग्दीको रैथाने बाली हो । सहरबजारका तारे होटलदेखि घरानिया व्यापारी, उच्च तहका नेता, कर्मचारीहरु गौरिया धानको चामलका उपभोक्ता हुन् । "गौरीया धान पाक्दा खेत नै बसाउँछ । भान्छा कोठामा गौरियाको भात पकाउँदा आँगनसम्मै बास्ना आउँछ", खत्रीले भन्नुभयो, "गौरीयाको भात खाइरहेकालाई अरू धानको भात रूच्दैन, गौरीया नै खोज्छन् ।" स्थानीयवासीहरूका अनुसार चार पुस्ताअघिदेखि खेती हुँदै आएको गौरीयाको वैज्ञानिक र अंग्रेजी नाम अझै पहिचान भएको छैन ।

म्याग्दी नदीको तटीय क्षेत्रमा पर्ने गैरीखेतमा खेती हुने भएकाले गौरीया नाम राखिएको सिमका किसान राजाराम उपाध्यायले बताउनुभयो । गौरीया धानको चामल भात, पुलाउ, खिर र सेलरोटी बनाउने पीठोका लागि उपयुक्त हुन्छ । न्यानो ठाउँमा हुने



गौरीया धानको बोट अग्लो हुन्छ र सिँचाइका लागि धेरै पानी आवश्यक पर्छ । असारको १५ गते रोपिने गौरीया कात्तिक १५ आसपासमा पाकेर भित्र्याउने हुन्छ। गौरीया धानको दाना अरू जातको भन्दा सानो हुन्छ । अन्य जातको तुलनामा गौरीयाको उत्पादकत्व कम हुन्छ। पकाउँदा भात बढी देखिने गौरीया उपभोग गर्दा आडिलो पनि हुने उपभोक्ताको अनुभव छ। सुत्केरी, किरिया बसेकाहरूलाई गौरीया धानको चामलको भात उपभोगी हुने बताइन्छ ।

पोखराको घर जग्गा छोराछोरीको जिम्मा लगाएका खत्रीले सिममा खाद्यबालीको साथै भैँसीपालन र बेनी-दरवाङ सडक छेउमा किराना पसलसहितको रेष्टुरेन्ट सञ्चालन गर्नुभएको छ। वार्षिक रू १० लाखभन्दा बढीको धान, चामल, दूध, खुसीबोका र कुखरा बिक्री हुने खत्रीले बताउनुभयो। एकवटा स्थानीय लिमे-पारकोटे र दुईवटा उन्नत मुर्रा जातको भैँसीसँगै खत्रीले खसीबोका उत्पादन गर्न बाख्रा पनी पाल्नुभएको छ । हाल दैनिक १० लिटर दूध बिक्री गर्ने उहाँले भैँसीको संख्या बढाउने सोचमा हुनुहुन्छ ।

खत्रीकी श्रीमतीले उहाँलाई खेतीपाती र व्यवसायमा साथ दिनुभएको छ। एक जनालाई नियमित, खेती लगाउने र भित्र्याउने समयमा दैनिक ४० जना जनालाई रोजगारी दिनुभएको छ । वैदेशिक रोजगारको बढ्दो आकर्षणका कारण खेतबारीमा काम गर्ने जनशक्ति नपाउने, ज्यालाको मूल्य बढ्नु, तापक्रम वृद्धिका कारण खेतीपात्रो परिवर्तन हुनुलाई खत्रीले चुनौतीका रूपमा लिनुभएको छ ।

रोजगारीको सिलसिलामा तीन वर्ष सिङ्गापुर र पाँच वर्ष साइप्रसमा बिताएका खत्रीका परिवारको बसोबास २०७६ सालअघि पोखरामा थियो । कोरोना महामारी फैलिएपछि रोकथामका लागि गरिएको बन्दाबन्दीका समयमा उहाँका परिवार पोखराबाट जन्मथलो फर्कनुभएको थियो । "हाम्रा हजुरबुबाका पाँच परिवार सन्तान हामीहरु विदेश र सहर पसेपछि यहाँको खेतीयोग्य जमिन कजाउन अरूलाई नै अधिया र बन्दकी दिएका थियौँ", उहाँले भन्नुभयो, "कोरोनापछि गाउँ फर्किएर मेरो पुरख्यौलीका साथै दाजुभाइको एक सय रोपनी जग्गा भाडामा लिएर रैथाने जातको धानखेती गर्दै आएको छु ।"

पुर्खाहरूले तीन सय वर्षअघि बनाएको घरमा 'होमस्टे' सञ्चालनको तयारी गरेका खत्रीले पाहुनालाई रैथाने गौरीया धानको भात, भैँसीको दूधदही, कुखुरा र खसीबोकाको मासुका परिकार चखाउने योजना बनाउनुभएको छ । सिमलाई कृषि, पर्यटकीय गाउँका रूपमा विकास गर्ने सामाजिक गतिविधिमा पनि जोडिएका खत्रीको योजना छ । बेनीदेखि १२ दशमलव पाँच किलोमिटर पश्चिमतर्फ कालोपत्र सडकको पहुँच भएको सिम प्राकृति उपचारस्थल सिङ्गा तातोपानीदेखि चार दशमलव पाँच किलोमिटर नजिक छ ।

रोजगारी, अवसर र सुविधाका लागि धेरै नेपालीहरु सहरमा बसाइँसराइ र विदेशिने क्रम बढिरहेका बेला विदेश र बजारबाट गाउँ फिरेका खत्रीले सकारात्मक सन्देश दिनुभएको म्याग्दी उद्योग वाणिज्य सङ्घका सचिव रहेका स्थानीयवासी मोतिलाल पौडेलले बताउनुभयो । गण्डकी प्रदेश सरकारको लगानीमा घुरेनी कोत्रवाङ सिँचाइ योजना सञ्चालन भएपछि किसानहरूलाई खेतीबाली लगाउन सहज भएको छ ।

# 'कोदो गरिबको ......

गाउँपालिकाका पर्यटकीयस्थलको भ्रमणमा आउने पर्यटकलाई लक्षित गरेर गाउँपालिकाको केन्द्र पोखरबेगरमा स्थानीय उत्पादनको कोसेलीघर सञ्चालन र कोदोको बिस्कुटका साथै पाउरोटी बनाउने तयारी गरेको उद्यमी खड्काले बताउनुभयो।

कोसेलीघर स्थापना र कोदोको बिस्कुट बनाउन आवश्यक पर्ने 'ओभन' गर्न कृषि ज्ञान केन्द्रले गत आर्थिक वर्षमा रू दुई लाख अनुदान सहयोग गरेको थियो । केन्द्रका प्रमुख सञ्जीव बाँस्तोलाले परम्परागत बाली संरक्षण र प्रवर्द्धन कार्यक्रममार्फत कोदोलगायत खाद्य, दलहन बालीको खेती विस्तार, प्रशोधन, प्याकेजिङ र बजारीकरणमा सहयोग गर्ने कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिएको बताउनुभयो ।

चालु आर्थिक वर्षमा उक्त कार्यक्रमका लागि म्याग्दीमा प्रदेश सरकारबाट रू १५ लाख बजेट विनियोजन भएको छ । कार्यक्रममार्फत उद्यमी तथा किसानले परियोजनाको कुल लागतको ५० प्रतिशत अनुदान पाउनेछन् । केन्द्रका अनुसार म्याग्दीको दुई हजार ७५० हेक्टर क्षेत्रमा वार्षिक तीन हजार ३०० मेट्रिक टन कोदो उत्पादन हुन्छ । समुद्री सतहदेखि तीन हजार १०० मिटर उचाइको भूगोलसम्म कोदोखेती गर्न सकिन्छ ।

क्याल्सियम, फस्फोरस र आइरन प्रशस्त मात्रामा पाइने कोदोलाई बालबालिकादेखि ज्येष्ठ नागरिकका लागि उत्तम खानाका रूपमा लिइन्छ । गर्भवतीहरूका लागि पनि कोदो पोषिलो खाना हो । मधुमेह, उच्च रक्तचाप, युरिक एसिड, दम, रूघाखोकी, शरीर दुख्ने र झाडापखलाका रोगीका लागि कोदो अति राम्रो मानिने केन्द्रका प्रमुख बाँस्तोलाले बताउनुभयो। कोदोको उपभोगले रगतमा बोसो र कोलस्टेरोलको मात्रा घटाउँछ । नेपालमा नसर्ने रोगबाट ग्रसित हुनेको संख्या दिनानुदिन बढ्दै गइरहेको अवस्थामा कोदोको परिकार उपभोगका लागि माग बढेको ताकमका उद्यमी अनिल भण्डारीले बताउनुभयो। खेती घटेर संरक्षण गर्नुपर्ने अवस्थामा पुगेको कोदोको परिकारलाई विविधकरण र बजारीकरण गर्दा किसानलाई फाइदा पुग्ने र आयात घटाउन सहयोग पुग्ने उहाँको भनाइ छ ।


**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**प्रत्येक महिनाको शनिबारः** पहिला पश्चिमान्चल (गण्डकी) अस्पताल र हाल दिर्घायु अस्पताल पोखरामा कार्यरत हाडजोर्नी तथा नशा रोग विशेषज्ञ **डा. मेघराज लामिछानेद्वारा** स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसँग सम्बन्धी बिरामीहरु जस्तैः- जोर्नी दुख्ने ,जोर्नीमा सुजन वा रातोपन देखिनु, हिड्दा वा चल्दा जोर्नीमा क्र्याक-क्र्याक आवाज आउनु, हड्डी भाँचिनु वा चिर्नु, काध, घुँडा, कुहिनो, मुठो आदि चलाउँदा दुख्नु वा चिप्लिनु, कमर दुख्ने वा तन्काउँदा दुखाइ बढ्नु, सुत्दा या उठ्दा पीडा बढ्नु ।








www.bhanjyangnews.com

Email- bhanjyangdml@gmail.com

newsbhanjyang@gmail.com



## शिक्षक आवश्यकता

विद्यालयमा सूचना प्रकाशित मिति : २०८२/१०/०२

शुक्लागण्डकी नगरपालिकाको च.नं. ११४० मिति २०८२/१०/०२ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा **प्राथमिक तह** तृतीय श्रेणीको रिक्त दरबन्दीमा एक जना शिक्षक करारमा नियुक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**तपसिल**

१) **पद** : प्राथमिक तह तृतीय श्रेणी (करार)
२) **आवश्यक संख्या** : १ (एक) जना
३) **शैक्षिक योग्यता** : आइ.एड. वा सोसरह उत्तीर्ण
४) **दरखास्त शुल्क** : ५००/- (पाँच सय रूपैयाँ)
५) **तलब** : नेपाल सरकारले तोके बमोजिम
६) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमती पत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र ।
८) **परीक्षाको किसिम** : लिखित, मौखिक र कक्षा अवलोकन
९) **दरखास्त दिने अन्तिम मिति** : २०८२/१०/१६ गतेसम्म
१०) **सम्पर्क मिति** : २०८२/१०/१६ गते विद्यालय समयभित्र ।
११) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**पुनश्च** : अनुभवि तथा माथिल्लो योग्यतालाई प्राथमिकता दिइने छ ।

प्रधानाध्यापक

**जनप्रेमी माध्यमिक विद्यालय**

शुक्लागण्डकी-१२, लामागाउँ, तनहुँ । सम्पर्क : ९८१४११५३६४, ९८५६०३५५३४



**व्यास नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

दमौली तनहुँ । गण्डकी प्रदेश

**नगर लोककल्याणकारी सन्देश**

**बुलिङ्ग (Bullying) के हो ?**

बुलिङ्ग भन्नाले निरन्तर रुपमा शारीरिक हानि तथा मनोवैज्ञानिक दबाब /पिडा दिनु हो ।

बुलिङ्ग प्रायः विद्यालय परिसरमा हुने गर्दछ। इन्टरनेटमा पनि बालबालिका तथा किशोर किशोरीहरूलाई बुलिङ्ग हुने गर्दछ।

बुलिङ्ग शारीरिक, मौखिक वा सांकेतिक रुपमा हुनसक्छ ।

धम्की वा चेतावनी दिनु, अपमानजनक हाउभाउ देखाउनु, शत्रुवत व्यवहार गर्नु, असहज महसुस गराउने व्यवहार बुलिङ्ग हो ।



**भिमाद नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल

## विद्युतीय बोलपत्र आव्हान सम्बन्धी सुचना

**Date of publication : 18th January 2026 A.D. (2082/10/04 B.S.)**

यस कार्यालयबाट हुने तपसिल अनुसारको निर्माण कार्यका लागि योग्य निर्माण व्यवसायीहरूबाट रितपूर्वकको ३० दिने विद्युतीय बोलपत्र आव्हान सम्बन्धी सूचना प्रकाशन गरिएको छ । सो को विस्तृत विवरण PPMO को websiteM www.bolpatra.gov.np/egp मा हेर्न सकिने छ ।

| S. N | Contract identification no. | Name of Project | Esimate amount (NRs without vat and contigency) Including Ps | Bid document fee (NRs.) |
|---|---|---|---|---|
| 1. | 8/BM/NCB/ WORKS/ 082/83 | Balmaitri Sthaniya Purwadhar Aayojana Shauchalaya tatha Khanepani at Bhimad municipality Tanahun | 39,05,302.28 | 3000.00 |

प्रमुख प्रशासकीय अधिकृत

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८२ माघ ०४, आइतबार
January 18, 2026



**नृत्यको तयारी** : तनहुँको शुक्लागण्डकी नगरपालिकाको खैरेनीटारस्थित खैरेनी माध्यमिक विद्यालयको ५७औं वार्षिकोत्सव तथा अभिभावक दिवसका अवसरमा साँस्कृतिक नृत्य प्रस्तुत गर्नका लागि तयारी गर्दै विद्यार्थीहरू । विद्यालयले आज विविध कार्यक्रम गरी वार्षिकोत्सव समारोह मनाउँदैछ । *तस्विर : भञ्ज्याङ*

# शान्ति सुरक्षामा तनहुँ प्रहरीको सक्रियता

## लागुऔषध नियन्त्रणदेखि ट्राफिक व्यवस्थापनसम्म विशेष अभियान

भञ्ज्याङ समाचारदाता/दमौली

शान्ति सुरक्षा कायम राख्न, अपराध नियन्त्रण गर्न तथा नागरिकमैत्री सेवा प्रवाहलाई प्रभावकारी बनाउन जिल्ला प्रहरी कार्यालय तनहुँले विविध अभियान सञ्चालन गरेको छ । लागुऔषध नियन्त्रण, फरार प्रतिवादी पक्राउ, ट्राफिक व्यवस्थापन र समुदाय-प्रहरी साझेदारी कार्यक्रमलाई यस अवधिमा विशेष प्राथमिकता दिइएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार पौष महिनामा चोरी, ठगी, जुवातास, घरेलु हिंसा तथा सार्वजनिक शान्ति भङ्गका घटनामा संलग्न व्यक्तिहरूलाई नियन्त्रणमा लिइ अनुसन्धान अघि बढाइएको छ । अदालतबाट फैसला भइसकेका तर फरार रहेका प्रतिवादीहरूलाई पक्राउ गर्न विशेष खोजी अभियान सञ्चालन गरिएको थियो, जसबाट केही फरार व्यक्ति पक्राउ परेका प्रहरी उपरिक्षक टेकबहादुर कार्कीले बताए ।

उनका अनुसार तनहुँमा पछिल्लो समय बढ्दो लागुऔषध




प्रयोग र कारोबारलाई मध्यनजर गर्दै प्रहरीले लागुऔषध नियन्त्रण विशेष अभियान सञ्चालन गरेको छ। अभियानका क्रममा शंकास्पद गतिविधिमा संलग्न व्यक्तिहरूमाथि निगरानी बढाइँदा लागुऔषधसहित केही व्यक्ति पक्राउ परेका छन्। विद्यालय तथा युवालाई लक्षित गरी लागुऔषधको दुष्प्रभावबारे सचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गरिएको प्रहरी उपरीक्षक कार्कीले बताए ।

यस्तै, दमौली बजार, डुम्रे-बन्दीपुर सडक खण्ड तथा राजमार्ग क्षेत्रमा ट्राफिक चेकजाँच कडा बनाइएको छ। सवारी नियम उल्लंघन गर्ने चालकलाई कारबाही गर्दै हेलमेट, सिटबेल्ट प्रयोग र तीव्र गतिबारे सचेत गराइएको छ। यसले सवारी दुर्घटना न्यूनीकरणमा सहयोग पुगेको प्रहरीको भनाइ छ।

### समुदाय-प्रहरी साझेदारीमा जोड

प्रहरीले टोल विकास संस्था, विद्यालय, महिला समूह तथा स्थानीय संघसंस्थासँग समन्वय गर्दै समुदाय-प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गरेको छ। महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा जोखिममा रहेका समुदायको सुरक्षा र अधिकार संरक्षणका विषयमा अन्तरक्रिया तथा सचेतना कार्यक्रम गरिएका छन्।

नागरिकता सिफारिस, चरित्र प्रमाणपत्र, उजुरी दर्ता तथा गुनासो व्यवस्थापनलाई छिटो, सरल र पारदर्शी बनाउनेतर्फ प्रहरी कार्यालयले ध्यान दिएको छ। सूचना प्रविधिको प्रयोग बढाउँदै नागरिकमैत्री सेवा प्रवाहलाई प्राथमिकता दिइएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ।

प्रहरीले आगामी दिनमा पनि सूचनामा आधारित अपराध नियन्त्रण, लागुऔषधमुक्त समाज निर्माण र नागरिकको भरोसा जित्ने सेवा प्रवाहलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ ।


## जाडोबाट बच्ने उपाय ।

- जाडो मौसममा शितलहर, हिमपात, हुस्सु तथा कुहिरो लाग्न सक्ने हुँदा अत्याधिक चिसो हुन सक्छ ।
- चिसोको कारण प्रदूषण बढ्ने गर्छ ।
- चिसो तथा प्रदूषणको कारण रूघा, खोकी, ज्वरो, सास फेर्न गाह्रो हुने तथा दम बढ्ने समस्या हुन सक्छ ।
- चिसो तथा प्रदूषणले मुटु, फोक्सो, मस्तिष्क लगायतका अंगमा गम्भीर असर पुग्न सक्छ
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दमका बिरामीलाई गम्भीर असर पार्न सक्ने हुँदा धुलो, धुँवा तथा चिसोबाट बचौं र बचाऔं ।
- सकेसम्म घरभित्रै बसौं, निस्कनैपर्ने भए न्यानो कपडा लगाएरमात्र निस्कौं ।

**कुनै समस्या परे चिकित्सकसंग परामर्श गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

facebook twitter



**Narayan Amrit**
x.com/amritna

मलाई लागेको कुरा-
यदि देउवा समूह सर्वोच्च गयो भने सर्वोच्चले निर्वाचन आयोगले भन्दा अझै कडा र प्रखर तरिकाले विशेष महाधिवेशनको औचित्य स्थापित गर्दिन्छ। जति पूर्वन्यायाधीशहरूले सामाजिक सञ्जालमा जुन तर्क र व्याख्या राखिरहेका छन् त्यसले मौजुदा बेञ्चलाई पर्याप्त खुराक दिएको छ। 'सबै समेट्ने' नाउँमा, गगन-विश्वले कांग्रेसभित्र भ्रष्टचारले थलिएका अनुहार घिसार्न पर्छ भन्ने छैन। तुलनात्मक रूपमा शुद्ध र शशक्त कांग्रेस बनाउनतिर लागे हुन्छ।



**Birat Aanupam**
x.com/birat_anupam

देउवा 'भिजन' भएका नेता थिएनन्। त्यसैले कांग्रेसलाई पहिलो दल मात्र बनाए । गगनको 'भिजन' छ। अब कि एकल बहुमत आउँछ कि दुई-तिहाइ। काठमाडौंका सबै सिट गगन दाइले जिताउनुहुन्छ । विश्व दाइले झापा कब्जा गर्नुहुन्छ। देउवा टिम लिडर हुँदा 'देश बनेन'। अब गगन टिम आयो- देश बन्छ।

# व्यासले आठौं व्यास नगर अल्ट्रा म्याराथन गर्ने

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको व्यास नगरपालिकाले सहिद दिवसको अवसरमा 'पर्यटन, धार्मिक एवं ऐतिहासिक क्षेत्रको पहिचान : व्यास नगरपालिकाको अभियान' नारासहित माघ १६ गते 'आठौं व्यास नगर अल्ट्रा म्याराथन' आयोजना गर्ने भएको छ ।

खेलकुदको माध्यमबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले हुँदैआएको यो अल्ट्रा म्याराथन व्यास नगरपालिका-५ स्थित पर्यटकीयस्थल मानुङकोटबाट सुरू भइ व्यास नगरपालिका -८ स्थित सहिद गाउँ पुलिमराङमा पुगेर समापन हुनेछ । अधिकारी केदारराज आचार्यले प्रतियोगितालाई सुरक्षित र व्यवस्थित बनाउन सबै तयारी पूरा गरिएको जानकारी दिए । धावकहरूको स्वास्थ्य अवस्थालाई ध्यानमा राख्दै विभिन्न स्थानमा चेकप्वाइन्ट, स्वयंसेवक, स्वास्थ्यकर्मी र प्राथमिक उपचार टोली परिचालन गरिने उनले बताए। सहभागी धावकलाई आवश्यक सूचना, मार्ग निर्देशन र सुरक्षा व्यवस्थामा कुनै कमी हुन नदिइने नगरपालिकाको प्रतिबद्धता रहेको छ ।

व्यास नगरपालिका वडा ६ का वडाध्यक्ष एवं नगर खेलकुद




४४ किलोमिटर लामो उक्त दौड मानुङकोट, अलैचे, चापाघाट, अनसन चौतारी, सफा सडक, भोर्लेटार चोक, बैरेनी, दुम्सी, कलेस्ती, पाथ्रा, सत्रसय, बानियाँडिही, बर्लाची, सोतीवेशी, बगुवा रिस्ती र बाहुन पोखरा हुँदै पुलिमराङसम्म सञ्चालन हुनेछ ।

व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले अल्ट्रा म्याराथन केवल खेलकुद प्रतियोगिता मात्र नभइ सहिदको बलिदान स्मरण गर्ने र स्थानीय पहिचान उजागर गर्ने अभियान भएको बताए ।

उनका अनुसार यस प्रतियोगिताले मगर र गुरूङ समुदायको सांस्कृतिक पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउन सहयोग गर्नुका साथै पर्यटन प्रवर्धन गरी स्थानीय अर्थतन्त्र चलायमान बनाउन पनि टेवा पुग्ने भएकोले गरिएको हो । नगर प्रमुख न्यौपानेले भने, "यो दौड हाम्रो इतिहास, संस्कृति र सहिदप्रतिको सम्मानसँग जोडिएको छ ।"

नगरपालिकाका सूचना विकास समितिका संयोजक जीवन गुरूङ कुमारले अल्ट्रा म्याराथनले व्यास नगरपालिकाका ग्रामीण बस्ती, धार्मिक स्थल र ऐतिहासिक क्षेत्रलाई एउटै सूत्रमा बाँध्ने काम गरेको बताउनुभयो ।

उनका अनुसार मानुङकोटदेखि पुलिमराङसम्मको मार्ग आफैंमा पर्यटन सम्भावनाले भरिपूर्ण रहेको छ । यस प्रतियोगिताले स्थानीय युवालाई खेलकुदतर्फ आकर्षित गर्दै आन्तरिक पर्यटन प्रवर्धनमा महत्वपूर्ण योगदान गर्नेछ ।

आयोजकका अनुसार प्रतियोगितामा देशभरका विभिन्न जिल्लाबाट २०० भन्दा बढी व्यावसायिक तथा सौखिन धावकको सहभागिता रहने अपेक्षा गरिएको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने धावकलाई क्रमशः ८५ हजार ८२, ६५ हजार ८२ र ५५ हजार ८२ रूपैयाँ नगद पुरस्कार प्रदान गरिने छ भने पाँच जना धावकलाई सान्त्वना पुरस्कारस्वरूप जनही १६ हजार ८२ रूपैयाँ प्रदान गरिने भएको छ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४